मा. आरती पौडेल
मन्त्री

# प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावनाः माटोको भौतिक, रासायनिक र जैविक गुण कायम राख्दै रासायनिक मलको प्रतिकूल प्रभाव कम गर्न र माटोको उर्बराशक्ति ह्रास हुन नदिइ स्वस्थ्यकर बाली उत्पादन र दिगो कृषि विकासलाई टेवा पुर्‍याउन प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्न वाञ्छनीय भएकोले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपले सञ्चालन गर्न, प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेकोछ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले प्रदेश नं. ५ को मल ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय वा मातहतका निकायहरुलाई सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(घ) "प्राङ्गारिक वा जैविक मल" भन्नाले कृषि बालीको लागि आवश्यक पोषक तत्व उपलब्ध गराउनको लागि बोट बिरुवा माटोमा प्रयोग गर्न वनस्पति तथा पशुजन्य पदार्थ वा जीवजन्तुको मलमूत्र वा अन्य आवश्यक प्राङ्गारिक पदार्थ कुहाएर तयार गरिएको कार्वनयुक्त पदार्थलाई जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।



सचिव

डा. आरती पौडेल
मन्त्री

(च) "समिति" भन्नाले दफा ४ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(छ) "ज्ञान केन्द्र" भन्नाले सम्बन्धित कार्यक्षेत्रको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३.<u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन्ः-

(क) बढ्दो रासायनिक मलको प्रयोगलाई न्यूनिकरण गरी कृषकलाई प्राङ्गारिक खेती तर्फ आकर्षित गर्न र रसायान रहीत स्वस्थ्य बालीको उत्पादन गर्ने,

(ख) कृषकहरुको प्राङ्गारिक मलमा पहुँच बढाई माटोको गुणस्तरमा सुधार ल्याउने,

(ग) भूमिको उत्पादकत्व वृद्धि र दिगो उत्पादन प्रवर्द्धन गर्ने, र

(घ) प्रदेशमा प्राङ्गारिक मलको उत्पादन तथा उपभोग बढाउने।

## परिच्छेद-२

## <u>समिति सम्बन्धी व्यवस्था</u>

४. <u>कार्यक्रम व्यवस्थापन समितिः</u> (१) निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) प्रमुख, | निर्देशनालय | -संयोजक |
| (ख) प्रमुख वा प्रतिनिधि, | सम्बन्धित महाशाखा, मन्त्रालय | -सदस्य |
| (ग) प्रमुख वा प्रतिनिधी, | योजना,कार्यक्रम तथा अनुगमन शाखा, निर्देशनालय | -सदस्य |
| (घ) प्रमुख वा प्रतिनिधि, | लेखा/प्रशासन शाखा, निर्देशनालय | -सदस्य |
| (ङ) प्रमुख वा अधिकृत, | बाली विकास तथा माटो व्यवस्थापन शाखा, निर्देशनालय | -सदस्य सचिव |

(२) मन्त्रालय मातहत अन्य निकायबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | संयोजक |
| (ख) योजना शाखा प्रमुख | सदस्य |
| (ग) लेखा प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) सम्बन्धित स्थानीय तहको कृषि हेर्ने अधिकृत/प्राविधिक | सदस्य |
| (ङ) कार्यालय प्रमुखले तोकेको कार्यक्रम सञ्चालन गर्ने शाखाको कर्मचारी | सदस्य सचिव |



सचिव

मा. आरती पौडेल
मन्त्री

(३) उपदफा (१) वा (२) बमोजिमको समितिले आवश्यकता अनुसार बढिमा ३ जना सम्म कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः-

(क) यस कार्यक्रम सञ्चालन गर्दा किसानलाई अनुदानमा उपलब्ध गराइने प्राङ्गारिक मलको कोटा साथै क्षेत्र निर्धारण गरी ऐनको दफा १३ बमोजिमको समितिबाट स्वीकृति लिने,

(ख) कोटा निर्धारण गर्दा कृषि ज्ञान केन्द्रहरुमा कृषकहरुले अनुदानित प्राङ्गारिक मलका लागि दिएका निवेदनहरुका आधारमा कुनै जिल्लाबाट बढी माग हुने वा आवश्यकता नपर्ने अवस्था भएमा समितिले सोही आधारमा कोटा निर्धारण गर्न सिफारिस गर्ने,

(ग) मापदण्ड बमोजिमको अनुदानित प्राङ्गारिक मल वितरण भए/नभएको यकिन गरी न्यून गुणस्तरको मल उत्पादन र वितरण गर्ने फर्म/व्यवसायलाई कानून अनुसार कारबाहीका लागि सम्बन्धित स्थानीय प्रशासन तथा अन्य सम्बद्ध निकायमा जानकारी गराउने,

(घ) प्राङ्गारिक मलको सुलभ आपूर्ति तथा वितरण व्यवस्थाको लागि प्रादेशिक मल व्यवस्थापन समिति, जिल्ला मल व्यवस्थपान समितिसँग आवश्यक समन्वय गर्ने।

(ङ) यस कार्यक्रम सञ्चालन गर्ने सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने, गुणस्तर परीक्षणको व्यवस्था मिलाउने र अनुगमन कार्य गर्ने/गराउने।

## परिच्छेद-३
## अनुदान कार्यक्रम

५. <u>अनुदान उपलब्ध गराईने आधारः</u> यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदानको प्रयोजनको लागि प्राङ्गारिक मलमा देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछः-



सचिव

मा. आरती पौडेल
मन्त्री

(क) नेपालमा उत्पादन भई नेपाल सरकारको प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ (चौथो संशोधन २०७४ सहित) बमोजिम दर्ता भएको।

(ख) प्राङ्गारिक मलको पोषकतत्व (Nutrients) को मापदण्ड देहाय बमोजिमको हुनुपर्ने:

| मापदण्ड ( criteria) | गुणस्तर |
|---|---|
| न्युनतम जम्मा नाइट्रोजन (N) % (dry basis) | १.५ (भर्मी कम्पोष्टका लागि १.५) |
| न्युनतम जम्मा फोस्फोरस ($P_2O_5$) % (dry basis) | ०.५ (भर्मी कम्पोष्टका लागि ०.५) |
| न्युनतम जम्मा पोटास ($K_2O$) % (dry basis) | १.५(भर्मी कम्पोष्टका लागि १.५) |
| चिस्यान(Moisture) % (dry basis) | ≤ ३० (भर्मी कम्पोष्टका लागि २०-४०) |
| प्राङ्गारिक कार्वन ( Organic carbon) % (dry basis) | १०-२० |
| कार्वनः नाइट्रोजन (C:N ratio) | अधिकतम २०:१ |
| पि.एच (pH) | ६.५-७.५ |
| रङ्ग (Color) | कालो,खैरो वा फुस्रो |
| गन्ध (Odour) | गन्ध रहीत, माटो जस्तो गनाउने |
| रोगका जीवाणुहरु (Pathogens) | शुन्य |
| मेश आकार स्क्वायर मिलिमिटर (mesh size, mm) | १२.५ मि.मि * १२.५ मि.मि |
| गह्रौं धातुहरु विशेषत | |
| आर्सनिक (Arsenic) mg/kg | अधिकतम १० |
| क्याडमियम (Cadmium) mg/kg | ५-१० |
| क्रोमियम (Cromium) mg/kg | अधिकतम ५० |
| शिशा (Lead) mg/kg | अधिकतम १०० |
| पारो (Mercury) mg/kg | अधिकतम २ |

(ग) मलको बोरा वा प्याकेजमा व्यापारिक नाम (Trade name) उल्लेख भएको,

(घ) मलको उत्पादन र खपत गरिसक्नु पर्ने मिति, ब्याच नम्बर र तौल प्रस्टरुपमा देखिने गरी सुरक्षित रुपमा प्याकिङ्ग गरेको,

(ङ) मलमा पाईने पोषकतत्वको मात्रा प्रत्येक प्याकिङ्गमा उल्लेख

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल



सचिव

मा. आरती पौडेल
मन्त्री

गरेको,

(च) ऐनको दफा १३ बमोजिमको समितिले तोके बमोजिमको अन्य आधार पुरा गरेको।

६. <u>प्राङ्गारिक मलमा अनुदान प्रवाह विधि:</u> (१) कार्यक्रम व्यवस्थापन समितिले मल ऐनको दफा १३ मा व्यवस्था भएको समितिबाट मलको माग प्रक्षेपण, गुणस्तर, वितरण सम्बन्धी मापदण्ड र जिल्लागत कोटा सम्बन्धमा आवश्यक स्वीकृति लिई कार्यक्रम सञ्चालन प्रक्रिया अघि बढाउनेछ।

(२) प्राङ्गारिक मल अनुदानमा उपलब्ध गराउन चाहने आपूर्तीकर्ता निर्देशनालय/कार्यालयमा सूचिकृत हुनु पर्नेछ। सूचिकृत हुनका लागि निर्देशनालय/कार्यालयले सूचना मार्फत दर्ता आह्वान गर्नेछ। निर्देशनालय/कार्यालयले मल प्रयोग गर्न ईच्छुक कृषकहरुका लागि निर्देशनालय/कार्यालय मार्फत आवेदनका लागि सूचना प्रवाह गर्नेछ।

(३) प्रकाशित सूचनाको आधारमा मल उत्पादन गर्ने अनुमति प्राप्त गरेका प्राङ्गारिक मल उत्पादक, बिक्रेता वा डिलरहरुले आफूले उपलब्ध गराउने मलको मात्रा, गुणस्तर र मूल्य समेत खुलाई दफा ५ मा उल्लेखित आधारहरु पुष्टि हुने कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। निवेदंकले कुन-कुन जिल्लामा मल बिक्री गर्ने केन्द्र वा डिलर छन् सो को नाम र रजिष्टर्ड नम्बर समेत उल्लेख गरी निवेदन दिन सक्नेछन्।

(४) निर्देशनालय/कार्यालयले रितपूर्वक दरखास्त पेश गर्ने प्रस्तावकबाट मलको नमूना सङ्कलन गरी प्रयोगशाला परीक्षणको लागि पठाउने छ।

(५) प्रयोगशाला परीक्षणबाट न्युनतम मापदण्ड पुरा गर्ने प्राङ्गारिक मल उत्पादकहरु मात्र यस कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(६) मलको बिक्री मूल्य निर्धारण गर्न प्रचलित बजार मूल्य र खाद्यतत्वको आधारमा निर्देशनालय/कार्यालय र मल उत्पादक बीच छलफल गरी तय गरिनेछ।

(७) उपदफा (६) अनुसार छलफल गरी तय गरिएको मूल्यको अनुमोदन एक तह माथिबाट गर्नु पर्नेछ। सामान्यतया तालुक अड्डाले पत्र प्राप्त भएको मितिले १ हप्ता भित्र अनुमोदन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) अनुदान उपलब्ध गराउँदा उपदफा (७) अनुसार तोकिएको मुल्यको ५०% वा प्रति केजी रु. १० (दश) मध्ये जुन कम हुन आउँछ सोही रकम बरावर हुनेछ।

प्रदेश सरकार प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल



सचिव

मा. आरती पौडेल
मन्त्री

(९) उपदफा (३) बमोजिम पर्न आएका निवेदन उपर जाँचबुझ गरी दफा ५ बमोजिमको आधार पुरा गरेको पाईएमा निर्देशनालय/कार्यालयले मल आपूर्तिकर्ताको रुपमा सूचिकृत गरी अनुदानित प्राङ्गारिक मलको आपूर्ति तथा बिक्री वितरणमा सहभागी हुन पाउने उत्पादक, बिक्रेता वा डिलरहरुको सूची तयार गरी विभिन्न उत्पादक, बिक्रेता वा डिलरहरुले बिक्री गर्ने उद्योग वा उत्पादकको नाम, मलको नाम, उक्त मलहरुको खुद्रा बिक्री मूल्यदर र अनुदान रकम सार्वजनिक गर्नेछ।

(१०) निर्देशनालय/कार्यालयले मल ऐनको दफा ७ अनुसार आफ्नो कार्यक्षेत्र भित्र पर्ने स्थानीय तहको कृषि शाखासँग समन्वय गरी स्थानीय तह अनुसार अनुमानित मागको प्रक्षेपण गरी कार्यक्रम सञ्चालन गर्ने निकायमा पठाउनु पर्नेछ।

(११) निर्देशनालय/कार्यालयले सूचिकृत मल उत्पादक/बिक्रेतालाई प्रक्षेपित मागको बारेमा जानकारी गराइनेछ र बिक्री वितरणका लागि अनुसूची-२ बमोजिमको ढाँचामा कार्यादेश दिनेछ। यसरी कार्यादेश दिँदा सम्बन्धित कम्पनीको विगतको बिक्री परिमाण र हाल भएको मौज्दातलाइ आधार मानिनेछ। उपदफा (९) बमोजिम सूचिकृत उद्योग वा उत्पादक वा बिक्रेताहरुबाट बिक्री हुने मलमा मात्र अनुदान उपलब्ध गराईनेछ।

(१२) अनुदान मल प्राप्त गर्न कृषकहरुले आफ्नो सम्बन्धित कृषि ज्ञान केन्द्र वा स्थानीय तहको कृषि शाखा मार्फत निवेदन दिनुपर्नेछ। यसरी माग गर्दा प्रति कृषक/कृषक परिवार प्रति कट्ठा १०० केजी वा प्रति रोपनी १५० केजीका दरले अधिकतम २००० (दुईहजार) केजीसम्मका लागि जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि संलग्न राखि निवेदन दिन सक्नेछन्। आफ्नै जग्गा नभएका कृषकको हकमा जग्गा धनी तथा खेती गर्ने कृषकको सम्झौता पत्र वा स्थानीय तहको सिफारिस संलग्न गरी निवेदन दिनु पर्नेछ।

(१३) सम्बन्धित ज्ञानकेन्द्र/स्थानीय तहको कृषि शाखाको अनुसूची-३ बमोजिमको ढाँचाको सिफारिसका आधारमा सूचीकृत भएको मल उत्पादक/बिक्रेता वा डिलरले कृषकलाइ तोकिएको परिमाणमा अनुदानित मल उपलब्ध गराउन सक्नेछन्। सम्बन्धित ज्ञान केन्द्र/स्थानीय तहको कृषि शाखाले आफुले दिएको सिफारिसको अभिलेख अनूसूचि-४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(१४) उपदफा (१२) अनुसार छुट दिएको सोधभर्नाको लागि सम्बन्धित सूचिकृत भएको आवेदक संस्थाले बिलको प्रतिलिपि र स्थानीय तहको कृषि शाखा/कृषि ज्ञान केन्द्रको सिफारिस समेत संलग्न राखि मासिक रुपमा



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

सचिव

उ.आरती पौडेल
मन्त्री

निर्देशनालय/कार्यालयमा अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ। साथै निर्देशनालय/कार्यालयले संलग्न प्रमाणका आधारमा सम्बन्धित मल उत्पादक/बिक्रेतालाइ अनुदान रकम भुक्तानी गर्नेछ।

(१५) प्राङ्गारिक मलको खरिदमा दिईने अनुदान विधिका सम्बन्धमा आवश्यकता अनुसार ऐनको दफा १३ र ७ बमोजिमको समिति तथा निर्देशनालय/कार्यालयले पुनरावलोकन गर्न सक्नेछ।

## परिच्छेद -४

## गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था

७. गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाः (१) जिल्लामा बिक्री वितरण हुने प्राङ्गारिक मलको गुणस्तर तथा परिमाण मल ऐन बमोजिम गठित समितिहरु,निर्देशनालय/कार्यालय र कृषि ज्ञान केन्द्रले नियमित अनुगमन गर्न सक्नेछ।

(२) अनुदानमा बिक्री वितरण हुने प्राङ्गारिक मलको गुणस्तरको अनुगमन मन्त्रालय, ऐनको दफा १३ र ७ बमोजिमको समिति, निर्देशनालय/कार्यालय, कृषि ज्ञान केन्द्र र मल तथा माटो परीक्षण प्रयोगशालाबाट हुनेछ।

(३) तोकिएको भन्दा न्यून गुणस्तरको प्राङ्गारिक मल बिक्री वितरण गरेको पाईएमा वा समितिको निर्णयको विपरित गरेको पाईएमा त्यस्ता मलमा अनुदान प्रवाह गरिने छैन र त्यसो गर्ने उत्पादक/वितरकलाई कारबाहीका लागि सम्बन्धित निकायमा जानकारी गराइनेछ।

(४) कृषकहरुबाट बिक्रेतासँग मिली बिक्री नभएको मल बिक्री भएको तथा परिमाण तल/माथी गरी वा ढाँटी अनुदानका लागि बिल पेश गरेको पाईएमा त्यस्तो मलको दर्ता समेत खारेज गर्न कृषि ज्ञान केन्द्र/कार्यालयहरुले सिफारिस गर्न सक्नेछन र त्यस्ता कृषकलाई कालो सूचिमा राखि भविष्यमा अनुदान लगायतका कुनै सुविधा उपलब्ध गराइने छैन।

## परिच्छेद-५

## अनुगमन निरीक्षण सम्बन्धी

८. अनुगमन, निरीक्षण तथा समन्वय सम्बन्धी व्यवस्थाः (१) अनुदानमा वितरित मलको अनुगमन निरीक्षण गर्ने मुख्य जिम्मेवारी ऐनको दफा १३ र ७ बमोजिमको

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल



सचिव

समिति, निर्देशनालय/कार्यालय, माटो तथा मल परीक्षण प्रयोगशाला र सम्बन्धित कृषि ज्ञान केन्द्रको हुनेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन निरीक्षणको प्रतिवेदन कृषि ज्ञान केन्द्रहरुले वा माटो तथा मल परिक्षण प्रयोगशालाले निर्देशनालय/कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्राङ्गारिक मलको बिक्री वितरण/खरिद वा प्रयोग पारदर्शी रुपमा भए/नभएको सम्बन्धमा सम्बन्धित गाउँ पालिका/नगरपालिकाहरुबाट निरीक्षण अनुगमन गरी समितिलाई जानकारी गराउन सक्नेछ।

## परिच्छेद -६

## विविध

९. गुनासो व्यवस्थापनः (१) मल बिक्री वितरण वा अनुदान वितरणको सम्बन्धमा पर्न आएका उजुरी समितिले व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजुरी उपर समितिले आवश्यक छानबिन गरी दोषी उपर कानून बमोजिम कारबाही गर्न स्थानीय प्रशासन समक्ष लेखी पठाउनु पर्नेछ।

१०. सुरक्षा व्यवस्था मिलाउनः मलमा अनुदान वितरण वा गूणस्तर नियमन वा अनुगमनगर्ने क्रममा हुन सक्ने धाक, धम्की तथा हुलहुज्जत लगायतका अवाञ्छित क्रियाकलापलाई ध्यानमा राखी आवश्यक सुरक्षा व्यवस्थाका लागि समितिले स्थानीय प्रशासनलाई सुरक्षा व्यवस्था मिलाउन अनुरोध गर्न सक्नेछ।

११. कार्यविधिको व्याख्या:(१) अनुदान वितरण सम्बन्धी यस कार्यविधिको व्याख्या अपूर्ण तथा अस्पष्ट भएमा वा कार्यविधिको कार्यान्वयनमा व्यवधान भएमा मन्त्रालयको व्याख्या बमोजिम हुनेछ।

१२. संसोधन ताथ हेरफेरः (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिमा संसोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि वमोजिम र उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(३) मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची -१

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

(मल उत्पादक,बिक्रेता वा डिलरले अनुदानित मल आपूर्तीका लागि सूचिकृत हुन पाउं भन्ने निवेदनको ढाँचा)

श्रीमान्.......................................

............................................ ।

विषयः प्राङ्गारिक मलमा अनुदान कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल आपूर्तीका लागि सूचिकृत हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा त्यस निर्देशनालय/कार्यालयको मिति.................... मा प्रकाशित सूचना अनुसार मेरो/हाम्रो कम्पनीबाट उत्पादित/बिक्री वितरण हुने तपसिल अनुसारको मलहरु अनुदानको कार्यक्रम अन्तर्गत आपूर्तीकर्ताको रुपमा सूचिकृत हुन पाउँ भनी आवश्यक कागजपत्रहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

तपसिल

मलको नाम :

दर्ता न. र मिति :

उपलब्ध हुने कुल परिमाण :

खुद्रा बिक्री मूल्यप्रति (केजी)

मलको गुणस्तर

| मापदण्ड ( criteria) | गुणस्तर |
|---|---|
| न्युनतम जम्मा नाइट्रोजन (N) % (dry basis) | |
| न्युनतम जम्मा फोस्फोरस ($P_2O_5$) % (dry basis) | |
| न्युनतम जम्मा पोटास ($K_2O$) % (dry basis) | |
| चिस्यान(Moisture) % (dry basis) | |
| प्राङ्गारिक कार्वन ( Organic carbon) % (dry basis) | |
| कार्वनः नाइट्रोजन (C:N ratio) | |
| पि.एच (pH) | |
| रङ्ग (Color) | |
| गन्ध (Odour) | |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल



सचिव

का. आरती पौडेल
मन्त्री

| | |
|---|---|
| रोगका जीवाणुहरु (Pathogens) | |
| मेश आकार स्क्वायर मिलिमिटर (mesh size, mm) | |
| गह्रौं धातुहरु विशेषत | |
| आर्सनिक (Arsenic) mg/kg | |
| क्याडमियम (Cadmium) mg/kg | |
| क्रोमियम (Cromium) mg/kg | |
| शिशा (Lead) mg/kg | |
| पारो (Mercury) mg/kg | |

नोटः प्रयोगशाला परीक्षणको प्रतिवेदन अनिवार्य संलग्न राख्नुपर्नेछ।

गत तीन वर्षको बिक्री परिमाण

| आर्थिक वर्ष | बिक्री परिमाण केजी | बिक्री गरेको संस्थाहरु |
|---|---|---|
| २०७३/७४ | | |
| २०७४/७५ | | |
| २०७५/७६ | | |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

सचिव

का. आन्तरिक परीक्षक
जाचकी

अनुसूची-२

(दफा ६ उपदफा (११) सँग सम्बन्धित)

<u>सूचिकृत भएका मल उत्पादक बिक्रेतालाई निर्देशनालय/कार्यालयबाट दिइने कार्यदिशको</u>

<u>नमूना</u>

विषयः- कार्यदिश दिइएको बारे।

श्री.............................

उपरोक्त विषयमा यस निर्देशनालय/कार्यालयमा सूचिकृत त्यस कम्पनि/संस्थालाई यस निर्देशनालय/कार्यालयबाट सञ्चालन हुने प्राङ्गारिक मलमा अनुदान कार्यक्रमका लागि यस आ.व. भित्रै ............. मे.ट. परिमाणमा प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ को अधीनमा रही उक्त कम्पनि/संस्थाको प्राङ्गारिक मल उपलब्ध गराइ बिक्री वितरणका गर्नका लागि कार्यदिश दिइएको छ।

......................

प्रमुख

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

अनुसूची -३

(दफा ६ को उपदफा (१३) सँग सम्बन्धित)

कृषि ज्ञान केन्द्र / ........ पाल्पा

....................................

मिति:........................

श्री ....................................

.......................................।

**विषयः प्राङ्गारिक मलमा अनुदानको लागि सिफारिस सम्बन्धमा।**

प्रस्तुत विषयमा............... जिल्ला............... गा.पा/न.पा.......वडा न. .......... निवासी कृषक श्री............................................ लाई कृषि विकास निर्देशनालय/कार्यालयको प्राङ्गारिक कृषि उत्पादनका लागि प्राङ्गारिक मलमा अनुदान कार्यक्रम अन्तर्गत प्रति केजी रु.......... बराबरको अनुदान रकम उपलब्ध हुने गरी ..................केजी मलमा अनुदान उपलब्ध गराईदिन हुन अनुरोध छ।

सिफारिस गर्नेः

दस्तखतः

नाम/थरः

पदः

तपसिल

| विवरण | परिमाण | कैफियत |
|---|---|---|
| कृषकको नाम/थर | | कृषकको हस्ताक्षर |
| ठेगाना | | |
| जग्गाधनी पूर्जा कित्ता नं. | | जग्गा धनि दर्ता प्रमाण पुर्जाको छायाप्रती संलग्न गर्ने |
| जग्गा रहेको स्थान | | |
| जग्गाको क्षेत्रफल | | |
| सिफारिस मलको परिमाण (केजी) | | |
| अधिकतम अनुदानरकम (रु) | | |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल



सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची -४

(दफा ६ को उपदफा (१३) सँग सम्बन्धित)

**प्राङ्गारिक मलमा अनुदानको लागि सिफारिस रजिष्टर**

कार्यालयको नामः

ठेगानाः

| सि.न. | कृषकको नाम/थर | ठेगाना | जग्गाधनी पूर्जा कित्ता नं. | क्षेत्रफल | जग्गा रहेको स्थान | सिफारिस मलको परिमाण(केजी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति कठ्ठा १०० केजी वा प्रति रोपनी १५० केजीका दरले अधिकतम २००० केजी सम्म हुनेछ।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

अनुसूची -५

दफा ६ उपदफा (१४) सँग सम्बन्धित

मल उत्पादक वा बिक्रेताले अनुदान रकम भुक्तानी माग गर्दा पेश गर्नुपर्ने निवेदनको नमूना

श्रीमान् प्रमुख ज्यू,

..............................

विषयः- अनुदान रकम सोधभर्ना पाउँ।

महोदय,

उपरोक्त विषयमा म/हाम्रो कम्पनीले तहाँ निर्देशनालय/कार्यालयबाट प्राप्त मिति.........च.नं.............को कायदिश अनुसार तपसिल अनुसारका कृषक/समुह/सहकारी/कम्पनीलाई अनुदानित प्राङ्गारिक मल उपलब्ध गराएको हुँदा मल बिक्रीको बिलको प्रतिलिपि तथा सम्बन्धित कृषि ज्ञान केन्द्र/स्थानीय तहको कृषि शाखाको सिफारिस समेत संलग्न राखि भुक्तानीको लागि पेश गरेको छु/छौं।

तपसिल

| सि.नं. | कृषकको नाम थर | ठेगाना | सिफारिस गर्ने संस्था | सिफारिस परिमाण | बिक्री परिमाण | अनुदान दर/केजी. | कूल जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| कूल जम्मा | | | | | | | | |

यस अघि भुक्तानिको लागि पेश भएको परिमाण................

हाल भुक्तानी माग गरेको परिमाण................

जम्मा भुक्तानी माग गरेको परिमाण................

कायदिश भएको कूल परिमाण....................................

भुक्तानी माग गर्न बाँकी परिमाण.......................................................



सचिव